apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः २७४ ● पृष्ठः ४ ● ०२ कार्तिक २०८३ सोमबार (19 October 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

**सूचना**

विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर**

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

### दशैंमा रैथाने खाना :
## मिथिलाको विशेष पकवान पुरी

**चना वा मुगको दाल मिसाएर बनाइने पुरी मिथिला क्षेत्रको धार्मिक तथा सांस्कृतिक पर्वहरूको अनिवार्य परिकार हो ।**

**शैलेन्द्र महतो**
**जनकपुरधाम, कार्तिक ०१ गते**

मिथिला क्षेत्रको रैथाने परिकारमध्ये पुरीको आफ्नै महत्व छ। गहुँ वा चामलको पिठोबाट पुरी बनाउने चलन छ। चना वा मुगको दाल राखेर वा दाल नराखी दुवै तरिकाले पुरी बनाउन सकिन्छ।

मिथिलाञ्चलमा पुरीको विशेष सांस्कृतिक महत्व छ। मिथिला क्षेत्रमा भार अर्थात् कोसेलीका रूपमा सनेश दिने, कुल देउता र चौठचन्द्रमा प्रसादको रूपमा पुरी चढाउने तथा वितरण गर्ने परम्परा सदियौंदेखि चलिआएको छ।



**कसरी बनाउने ?**

पुरी बनाउन सबैभन्दा पहिले पिठोलाई पानी हालेर मुछ्ने, त्यसमा भर्न चना वा मुगको दाल पूरै नगल्ने गरी उसिन्ने र उसिनेको दालको पानी निथारेर फाल्ने। त्यसपछि दालमा आवश्यकताअनुसार नुन मिसाउने। तेलमा खुर्सानी र जिरा तताएर दालमा नै मिसाउने। यसरी पुरीभित्र राख्ने दाल तयार हुन्छ।

पुरी सामान्य रोटीभन्दा केही सानो र मोटो हुन्छ। यसलाई बनाउन मुछिएको पिठोका साना-साना टुक्रा छुट्याएर रोटी बनाउँदा प्रयोग गरिने 'लोइया' बनाउनुपर्छ। लोइयाभित्र तयार पारिएको दाल थोरै राख्नुपर्छ। जसलाई मैथिलीमा 'फुइट' भनिन्छ।

वा 'चकला'मा राखेर 'बेलना'ले बेलेर रोटी जस्तो आकार दिनुपर्छ।

समतल सतह, थाल वा वा 'चकला'मा राखेर 'बेलना'ले बेलेर रोटी जस्तो आकार दिनुपर्छ।। पुरीभित्र राखिएको दाल (फुइट) बाहिर नदेखिने गरी पिठोले राम्ररी छोपिएको हुनुपर्छ।

कराहीमा पुरी डुब्ने गरी खाने तेल राखेर चुलोमा तताइरहनुपर्छ। तेल तातेपछि त्यसमा पुरी राख्नुपर्छ। केहीबेरमा पुरी तयार हुन्छ। यो निकै

बाँकी पृष्ठ ३ ▶▶

## सुधार भयो लहान प्रादेशिक अस्पतालको इमर्जेन्सी सेवा कक्ष



**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०१ गते**

सिरहाको लहानस्थित रामकुमार शारडा उमा प्रसाद मुरारका प्रादेशिक अस्पतालको इमर्जेन्सी कक्ष सुधार गरी नयाँ व्यवस्थापनसहित सञ्चालनमा ल्याइएको छ।

लामो समयदेखि साँघुरो ठाउँ, गर्मी, पानी चुहिने र सरसफाइको समस्याबाट गुज्रिरहेको कक्ष व्यवस्थित बनेपछि बिरामी र स्वास्थ्यकर्मीलाई सहज भएको छ। अस्पतालले एक बिरामीकै हातबाट रिबन काटेर सुधार गरिएको इमर्जेन्सी कक्षको उद्घाटन गरेको हो।

यसअघि इमर्जेन्सी कक्ष साँघुरो हुनुका साथै अत्यधिक गर्मी हुने, वर्षात्का बेला पानी चुहिने र सरसफाइ व्यवस्थापनमा समस्या देखिने गरेको थियो। यसले बिरामीलाई उपचार सेवा लिन र स्वास्थ्यकर्मीलाई सेवा प्रवाह गर्न कठिनाइ हुँदै आएको थियो।

कल्याणपुर नगरपालिकाका बिरामी मनोजकुमार साहले यसअघि इमर्जेन्सी कक्षमा उपचार गराउन आउँदा साँघुरो ठाउँ, गर्मी र सरसफाइको समस्याले असहज हुने गरेको बताए। अहिले व्यवस्थापनमा सुधार आएपछि उपचार सेवा लिन सहज भएको उनको भनाइ

बाँकी पृष्ठ ४ ▶▶

## १२ शय्याबाट सुरु भएको यात्रा, करोडौंको दृष्टि परीक्षण र लाखौं शल्यक्रिया

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०१ गते**

कुनै समय पूर्वी नेपालका नागरिकलाई आँखामा सामान्य समस्या देखिए पनि उपचारका लागि काठमाडौं वा भारतका विभिन्न सहर धाउनुपर्ने बाध्यता थियो। आर्थिक अभाव, लामो यात्रा र समयमै उपचार नपाउँदा दृष्टि गुमाउनुपर्ने जोखिम टार्दै सिरहाको लहानबाट सुरु भएको १२ शय्याको आँखा उपचार केन्द्र आज करोडौं मानिसका लागि भरोसाको केन्द्र बनेको छ।



नेपाल नेत्रज्योति सङ्घको स्थापना (सन् १९७८) र क्रिस्टोफेड ब्लाइन्डेनमिसन (सिबिएम) को सहकार्यमा सन् १९८३ मा लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका सार्वजनिक जिल्ला अस्पतालमा १२ शय्याको आँखा उपचार केन्द्र

बाँकी पृष्ठ २ ▶▶













प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# अस्तित्व बचाउने अन्तिम दाउ कि धोकाको पुनरावृत्ति ?





शरद रिजाल

गत वर्ष भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबाट सत्ताच्यूत भएका ओली त्यसयता आन्तरिक एवं बाह्यरुपमा निकै संकटमा छन् । उनतकै हठ र स्वेच्छाचारिताले मुलुकले जेनजी विद्रोह खेपेर निकै ठूलो धन जनको क्षति व्यहोर्न पुगेको छ । जेनजी विद्रोहमा दमन गरेको आरोप खेपिरहेका ओलीलाई त्यसको छानबिन आयोगको प्रतिवेदनले कारबाहीका लागि सिफारिस समेत गरेको छ ।

मुलुकका कम्युनिष्ट पार्टीहरुबीच एकता र विभाजनका लागि कुनै खास राजनीतिक एवं सैद्धान्तिक विषयमा मतभेद आवश्यक पर्दैन । व्यक्तिगत महत्वाकांक्षा र आफ्नो निहीत सत्तास्वार्थ नमिल्दा विभाजित हुने र कमजोर भएपछि पुनः एकताको आवश्यकता देख्ने प्रवृत्ति नेपालको वाम आन्दोलनको पुरानै मनरोग हो। पछिल्लो समय नेपाली राजनीतिमा स्वर्ग र नर्कको भाष्य बनाएका एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डबीचको सहकार्य, एकता र विभाजन पनि विगतदेखि सत्ता स्वार्थ र आन्तरिक टकरावमै निर्भर रहँदै आइरहेको छ।

अहिले फरि यी शीर्ष नेताद्वयले आफ्नै पार्टीमा निम्तिएको संकट टार्न वाम एकताको चर्चा सुरु गरेका छन्। एमालेमा आन्तरिक रुपमा संकटमा परेका ओलीले आफ्नो संकट टार्न वाम एकताको अस्त्र फ्याँकेका छन् भने नेकपाका अध्यक्ष प्रचण्डले पनि एमालेसँग सहकार्य गर्ने सार्वजनिक उद्घोष गरिसकेका छन्।

गत निर्वाचनको लज्जास्पद मतपरिणामपछि दुबै पार्टीमा नेतृत्व परिवर्तनको बहस चलेको थियो । एमालेमा त झनै पार्टी पुनर्गठन र निर्वाचन समीक्षाबारे कार्यदल नै गठन गरेर नेता कार्यकर्ताको सुझाव संकलन गरिएको थियो। तर एमाले अध्यक्ष ओलीले भने ती सबैलाई लत्याएर पार्टीभित्र तत्कालका लागि आफ्नो पद सुरक्षित गरेका छन्।

स्मरणीय के छ भने, नेतृत्वबाट हट्नुपर्ने चौतर्फी दबाब खेपेका ओलीले उल्टै पार्टीमा नेतृत्वमाथि प्रश्न उठाए कारबाही गर्ने चेतावनीसहितको अन्तरपार्टी निदेर्शिका जारी गर्न सफल भएका छन्। यसअघि नेतृत्व परिवर्तनबिना एमाले अघि बढ्न नसक्ने निष्कर्ष निकालेका पार्टी महासचिव शंकर पोखरेल र उपाध्यक्ष विष्णु पौडेल समेत आफ्नो पूर्ववत अडानबाट पछि हटेर ओली सामु आत्मसमर्पण गर्दै निरीह बनेपछि ओली बलशाली देखिएका हुन्।

यसपटक विगतमा पूर्वउपराष्ट्रपति विद्या भण्डारीलाई एमालेको सक्रिय राजनीतिमा आउन नदिन भरमग्दुर प्रयत्न गरेका एमाले पदाधिकारीहरु अहिले भने विद्यालाई वरिष्ठ नेताका रुपमा स्वीकार्न बाध्य भएका छन् । एमालेमा विद्याको पुनरागमन आफूमाथिको चुनौती ठानेर यसअघि रोकेका ओलीले अहिले भने विद्यालाई अघि सारेर आफू सुरक्षित हुन खोजेको देखिन्छ।

**ओली–प्रचण्ड एकता ?**

अहिले एमालेमा अनेकौं प्रयत्न गरेर ओलीले तत्कालका लागि आफूमाथिको संकट टारे पनि फेरि असहज अवस्था आउन सक्ने भयले अर्को वाम दल प्रचण्ड नेतृत्वको नेकपासँग सहकार्य हुँदै एकतासम्मको तयारीमा गरेर थप सुरक्षित हुने दाउमा लागेका छन् । ओलीले नेकपाका संयोजक प्रचण्डसँग अहिले प्रदेशमा सत्ता सहकार्य गरेर आगामी स्थानीय निर्वाचनसम्म चुनावी सहकार्य हुँदै पार्टी एकताका लागि हात अघि बढाइसकेका छन्।

नेपाली समाजमा एउटा आहान निकै प्रख्यात छ- 'हात्ती मिले पनि विध्वंश, जुधे पनि विध्वंश ।' अहिले ओली प्रचण्डको मिलाप र विभाजन दुवैले दुई वामपन्थी दलका नेता कार्यकर्ता सधैं मारमा पर्दै सिंगो वाम आन्दोलनले नै निकै ठूलो मूल्य चुकाउनुपर्ने स्थिति आएको छ । जेनजी आन्दोलन र गत फागुन २१ को निर्वाचनपछि पुस्तान्तरण भएर ३६ वर्षे युवा बालेन्द्र साहले मुलुकको बागडोर सम्हाल्ने अवस्था आए पनि यी नेताद्धय भने अझै आफ्नो नेतृत्व जोगाउन अझै अनेकौं तिकडम गरिरहेका छन्।

यसअघि २०७४ सालमा भएको एमाले माओवादी दुई पार्टीबीचको एकताले आम नेता कार्यकर्तासहित जनमानस उत्साहित भएर दुई तिहाई जनमत दिएका थिए । त्यस्तो स्वर्णिम अवसरको सदुपयोग गरेर देश र जनताको पक्षमा काम गर्नुपर्ने बेलामा ओलीले आफ्नो कुर्सी जोगाउन दुईतिहाइ बहुमतमाथि कुठाराघात गरे, मतदातालाई धोका दिए। त्यति मात्र होइन, दुईदुई पटक संसद विघटन गर्दै जनमतको उपहास गर्न पुगे । त्यसकै उपज मुलुकले ७४ सालयता व्याप्त भ्रष्टाचार, चरम राजनीतिक अस्थिरताले जेनजी विद्रोहको अवस्था निम्तिएको अकल्पनीय विध्वंश मुलुकले व्यहोर्नुपर्यो। त्यसकै बलमा भएको गत फागुन २१ को निर्वाचनबाट मुलुकको वाम आन्दोलनले निकै ठूलो जनमत गुमाएर रक्षात्मक अवस्थामा पुगेको छ।

त्यसअघि तत्कालीन नेकपा माओवादी केन्द्रसँगको सत्ता गठबन्धन तोडेर ओलीले कांग्रेससँग सत्तासहकार्य गरेको दुष्परिणामस्वरुप मुलुकले जेनजी विद्रोह व्यहोरेर प्रधानमन्त्री ओली हेलिकप्टरबाट भागेर ज्यान जोगाउनुपरेको थियो। त्यसअघि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री रहेको बेला बालुवाटारमा 'स्वर्ग र नर्क' सँगै जाने सपना देखाएर कांग्रेससँग आफू प्रधानमन्त्री बन्ने अघोषित सहमति गरेका थिए । तिनै ओलीले अहिले फेरि आफूमाथिको संकट टार्न वाम एकताको नाममा प्रचण्ड नेतृत्वको नेकपासँग सहकार्य हुँदै एकताको प्रयत्न गर्नु अर्को धोकाधडीको बिजारोपण बाहेक अरु केही होइन।

यसअघिको धोकाधडी र विश्वासघातको गम्भीर आत्मालोचना सहित नदोहोर्याउने प्रतिबद्धता बिना ओलीको भर पर्नु प्रचण्डका लागि फेरि 'आफ्नै खुट्टामा बञ्चरो हान्ने' काम हो । विगतको विभाजनको गम्भीर आत्मसमीक्षा र आत्मालोचना बिनाको एकताले अब फेरि दुबै पार्टी र जनतामा विश्वासको वातावरण बनाउन सक्दैन। राष्ट्रिय आवश्यकता र वाम आन्दोलनलाई केन्द्रमा राखेर नभई सीमित नेतृत्वको पद जोगाउने एकता अब आम नेता कार्यकर्ता र जनताबाट अस्वीकृत हुनेवाला छ।

विगतका घटनाक्रमका आधारमा एमाले अध्यक्ष ओली र प्रचण्ड फरक पात्र भए पनि केही प्रवृत्तिगत समानता पनि छ। विगतदेखि दुबैले आफ्नो पार्टीमा अनेकौं कुटिल प्रयत्न गरेर निरन्तर आफ्नो नेतृत्व सुरक्षित गर्दै आएका छन् । एमालेमा नवौं महाधिवेशनबाट नेतृत्वमा आएका ओलीले त्यसयता आफ्ना विरोधीलाई किनाराकृत गर्दै तेस्रो कार्यकाल नेतृत्वमा दोहोरिसकेका छन्।

गत वर्ष भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबाट सत्ताच्यूत भएका ओली त्यसयता आन्तरिक एवं बाह्यरुपमा निकै संकटमा छन्। उनकै हठ र स्वेच्छाचारिताले मुलुकले जेनजी विद्रोह खेपेर निकै ठूलो धन जनको क्षति व्यहोर्न पुगेको छ । जेनजी विद्रोहमा दमन गरेको आरोप खेपिरहेका ओलीलाई त्यसको छानबिन आयोगको प्रतिवेदनले कारबाहीका लागि सिफारिस समेत गरेको छ। यद्यपि, बालेन सरकारले कारबाहीका लागि गिरफ्तारी गरे पनि अदालतले रिहा गर्न बाध्य पारेको थियो।

अहिले पार्टीभित्रै उनको विकल्प खोज्दै निर्वाचन समीक्षा एवं पार्टी पुनर्गठनका लागि गठित कार्यदलले देशभरका नेता कार्यकर्ताको सुझाव संकलनका क्रममा अधिकांशले ओलीलाई सम्मानजनक बहिर्गमनको सुझाव दिँदा पनि ओलीले त्यसलाई अवज्ञा गरेर नेतृत्वमोह कायमै राखेका छन्।

देशभरका बहुसंख्यक नेता कार्यकर्ताको मनोभावना विपरीत सोही प्रतिवेदनको मर्मलाई लत्याएर ओली अनेकौं जालझेल गर्दै तत्कालका लागि आफूमाथिको संकट केही समय टारे पनि विशेष महाधिवेशनको सम्भावना जीवितै रहेको ओलीको विकल्प खोजेका नेताहरुको जिकिर छ।

पार्टीका बहुसंख्यक नेता कार्यकर्ताले ओलीलाई नरुचाउँदा पनि तत्कालका लागि आफ्नो विकल्प खोज्ने स्थितिको अन्त्य गरे पनि उनीप्रतिको असन्तुष्टि अझै एमालेको आम नेतादेखि कार्यकर्ता तहमै रहेको छ।

बाँकी पृष्ठ ३ ▶▶

## सम्पादकीय...

### आत्म समीक्षाबिना पुरानै माग उनै बहाना

नौ वर्षपछि पनि सातै प्रदेशका मुख्यमन्त्री उही सूची बोकेर फेरि एउटै मञ्चमा भेला हुनुपर्छ भने त्यो संविधानको वा संघीयताको होइन राजनीतिक नेतृत्वको असफलताको सार्वजनिक स्वीकारोक्ति हो। विराटनगरमा भेला भएर मुख्यमन्त्रीहरूले केन्द्रको असहयोगका कारण संघीयता कार्यान्वयनमा अवरोध भएको दाबी गरेका छन्।

प्रदेशका मुख्यमन्त्रीहरूले २०७५, २०८० र २०८३ मा तिनै गुनासो र माग दोहोऱ्याए पनि आत्मसमीक्षा भने गरेको सुनिएन । संघीयताको कार्यान्वयनमा प्रदेशहरूको राजनीतिक नेतृत्वको के कस्ता कमजोरी भए भनेर गम्भीरतापूर्वक केलाउन काम पनि भएन। संघीयताको कार्यान्वयनमा अपेक्षित गति नदेखिनुको प्रमुख कारण जवाफदेही स्वीकार गर्ने यो प्रवृत्ति पनि हो।

संघीय सरकारहरू संघीयता कार्यान्वयनमा अवरोध उत्पन्न गर्नुमा सबैभन्दा बढी दोषी छ। तर हेक्का राख्नुपर्ने तथ्य के पनि छ भने संघ र प्रदेशमा २०८२ भदौ अघि त धेरैजसो एउटै दलको सरकार हुनेगर्थ्यो। त्यस्तै, संघमा समीकरण बदलिनेबित्तिकै सबै जसो प्रदेशमा सरकार फेरिन्थे। र, यसरी सरकार फेरबदल गर्न सक्रिय हुनेमा अहिले गुनासो गर्ने मुख्यमन्त्रीहरू पनि थिए।

संघले बनाउनुपर्ने प्रहरी समायोजन, निजामती सेवा, शिक्षा र वनसम्बन्धी कानुन नबनाई प्रदेशलाई 'काम गर्न सकेन' भन्नु खुट्टा बाँधेर दौडाएर ढिलो भयो भनी गाली गर्नुजस्तै हो। यस्तै प्रदेशसभा भवन र मन्त्रालय चलेको जग्गाको स्वामित्वसमेत प्रदेशसँग नहुने, सचिव संघले पठाउने, खानी र वनको अधिकार अस्पष्ट रहेको अवस्थामा स्वायत्तताको चर्चा आफैंमा उपहासजस्तै हो। यस्ता समस्या समाधानका लागि राष्ट्रिय समन्वय परिषद् र समस्या समाधान समितिको संरचना भए पनि ती संस्थाको अस्तित्व नै देखिएन।

आर्थिकरूपमा कमजोर त छँदैछन् प्रदेशहरूले बजेट खर्च गर्न पनि सकेका छैनन्। काम गर्न चाहने हो भने अधिकार माग्नुका साथै भएका अधिकार कार्यान्वयनमा पनि गम्भीर हुनुपर्थ्यो। प्रदेशले आफ्नै राजस्व परिचालन, खर्च क्षमता र कानुन निर्माणको गतिको समीक्षा गरेरमात्र संघलाई औंला ठड्याउनु उचित हुन्छ। आफ्नो कामबाट पो अधिकार माग्ने नैतिक बल आउँछ। सम्मेलनका घोषणाले न जनसमर्थन बढ्छ न संघ सरकारले नै सुन्छ।

संघीयता विविधता बहुल नेपालका लागि महत्त्वपूर्ण माध्यम हो । यो प्रयोग विफल भयो भने मुलुकले ठूलो क्षति बेहोर्नुपर्ने हुनसक्छ। तर संघीयताप्रति प्रतिबद्ध राजनीतिक नेतृत्वले प्रदेशको नेतृत्व लिएमात्र कार्यान्वयनका दिशामा गम्भीर प्रयास हुनसक्छ। यसैले केन्द्रको राजनीतिमा अनुरक्त हुनेहरूले प्रदेशलाई खुड्किलोमात्र बनाउन छाड्नुपर्छ।

कम्तीमा तत्कालका लागि संघले संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणको तिथिमितिसहित कार्ययोजना सार्वजनिक गरेर प्रतिबद्धता देखाओस्। यसैगरी प्रदेशहरूले पनि आआफ्ना जिम्मेवारी कहिलेसम्म पूरा गर्ने भनेर तोकून् र नियमित प्रगति समीक्षा तरुन्। नत्र संघीयताको दसौं वर्षमा पनि उही भाषण र उही माग दोहोरिनेछन्। नागरिकले संघीयताको खर्च बेहोरिरहेका छन् भने सेवा पनि पाउनुपर्छ। राजनीतिक नेतृत्व सजग होस्।

## १२ शय्याबाट सुरु भएको यात्रा, करोडौंको दृष्टि परीक्षण ............

सञ्चालनमा ल्याइएको थियो। डा. ए. हेनिङ्गको ३० वर्षको निरन्तर सेवा र स्थानीय समाजसेवी छविलाल चौधरी, सरोवरलाल चौधरी र रवीन्द्रलाल चौधरीले उपलब्ध गराएको निःशुल्क जग्गाका कारण अस्पतालको आधारशिला तयार भएको थियो। पछि सिबिएमको आर्थिक तथा प्राविधिक सहयोगमा ५० शय्याको सगरमाथा चौधरी आँखा अस्पताल निर्माण भई सन् १९८६ मा तत्कालीन राजा वीरेन्द्र शाहबाट यसको उद्घाटन गरिएको थियो।

लहानको अनुभव र बढ्दो बिरामीको चापलाई मध्यनजर गर्दै सन् २००६ सेप्टेम्बर १३ मा विराटनगरमा पनि यसको शाखा स्थापना गरियो । सुरुमा पुरानो विमानस्थल नजिक भाडाको भवनबाट थालिएको सो सेवा पछि ३०० शय्याको अत्याधुनिक अस्पतालमा विस्तार भयो, जसको नयाँ भवनको उद्घाटन सन् २०११ मा तत्कालीन राष्ट्रपति डा. रामवरण यादवबाट भएको थियो।

नेपाल नेत्रज्योति सङ्घको विवरणअनुसार स्थापनाकालदेखि सन् २०२५ सम्म यस प्रणालीअन्तर्गत १ करोड ६६ लाख ३१ हजार ९५० जनालाई ओपिडी सेवा प्रदान गरिएको छ भने २४ लाख ९९ हजार ८९३ वटा सफल शल्यक्रिया गरिएका छन्। केवल सन् २०२५ मा मात्रै १४ लाख ३१ हजार २८८ जनाले आँखा परीक्षण सेवा, १ लाख ३२ हजार २१३ वटा शल्यक्रिया र १ लाख ३३ हजार ३१६ जनाले चस्मा प्राप्त गरेका छन्।

अहिले यी अस्पतालहरूमा नेपालका विभिन्न जिल्लाबाट मात्र नभई भारत र बङ्गलादेशबाट समेत बिरामीहरू उपचारका लागि आउने गरेका छन् । गुणस्तरीय स्वास्थ्य सेवाका कारण लहान र विराटनगर क्षेत्रमा होटल, यातायात, औषधि पसललगायतका व्यावसायिक गतिविधि बढेसँगै स्थानीय आर्थिक विकासमा समेत टेवा पुगेको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

## आजको राशिफल

**मेष :** दिन राम्रो छ। शिक्षा र स्वास्थ्यमा सुधार हुनेछ। पारिवारिक र सामाजिक क्षेत्रमा मानप्रतिष्ठा बढ्ने छ।

**बृष :** दिन राम्रो छ। मनमा खुसी मिल्ने छ। स्वास्थ्यमा सुधारका संकेत देखिने छन्।

**मिथुन :** दिन राम्रो छ। बोलीका कारण काम बन्नेछन्। शुभ कार्यमा सहभागी हुने अवसर मिल्ने छ।

**कर्कट :** सञ्चित धन खर्च हुनेछ। ठुलो लगानी नगर्नु राम्रो हुन्छ। स्वास्थ्यले साथ दिनेछ।

**सिंह :** दिन राम्रो छ। प्रतिभाको प्रदर्शन गर्ने दिन छ। व्यापार व्यवसायमा फाइदा हुनेछ। पठनपाठनमा रुची बढ्ने छ।

**कन्या :** तपाईंका लागि आजको दिन सामान्य छ। परिवारमा कामको बोझ थपिने छ।

**तुला :** दिन राम्रो छ। धर्मकर्ममा मन जानेछ। साथीभाइसँग भेट हुनेछ। मान प्रतिष्ठा बढ्ने छ।

**वृश्चिक :** दिन निकै राम्रो छ। डुब्न लागेको धन उठ्ने दिन रहेको छ। सामाजिक र राजनीतिक क्षेत्रमा तपाईंको पहुँच बढ्ने छ।

**धनु :** दिन राम्रो छ। सोचेको काम बन्दा मन प्रशन्न बन्नेछ। राजनीति र सामाजिक क्षेत्रमा मन जानेछ।

**मकर :** राजनीतिमा वितृष्णा बढ्ने छ। परिवारको साथ मिल्ने छ। स्वास्थ्यमा भने सुधारका संकेत देखिने छन्।

**कुम्भ :** अनावश्यक क्षेत्रमा सम्पत्ति र समय खर्च हुनेछ। धार्मिक क्षेत्रमा मन जानेछ। नयाँ मान्छेसँग कारोबार नगर्नु राम्रो हुन्छ।

**मीन :** दिन राम्रो छ। गुम्न लागेको सम्पत्ति हात लाग्ने छ। पठनपाठनमा मन जानेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# खोइँछ भर्न जनकपुरको राजदेवी मन्दिरमा महिलाको घुइँचो

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, कार्तिक ०१ गते**

दसैँको महाअष्टमीका अवसरमा जनकपुरधामस्थित प्रसिद्ध राजदेवी मन्दिरमा दुर्गा माताको खोइँछ भर्न हजारौँ महिलाको घुइँचो लागेको छ।



सन्तानको दीर्घायु, पारिवारिक सुख, शान्ति र समृद्धिको कामना गर्दै महिलाहरू बिहानैदेखि विभिन्न शक्तिपीठमा पुगेर धार्मिक विधिअनुसार खोइँछ भरिरहेका छन्।

जनकपुरधामका महिलासँगै धनुषा तथा आसपासका ग्रामीण क्षेत्रबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु महिला खोइँछ भर्न मन्दिर पुगेका छन् । पूजासामग्री र फूलडालीसहित मन्दिर पुगेका महिलाहरू पूजापाठमा व्यस्त देखिएका छन् । भक्तजनको चाप बढेपछि जनकचोक, जानकीचोक, भानुचोक र शिवचोकलगायत आसपासका मुख्य बजारका व्यापारिक प्रतिष्ठानसमेत बन्द रहेका छन्।

राजा जनककी कुलदेवीका रूपमा परिचित राजदेवी मन्दिरमा खोइँछ भर्नुका साथै लड्डु चढाउने भक्तजनको पनि उल्लेख्य भीड लागेको छ। लड्डु चढाउन शुक्रबार राति २ बजेदेखि नै श्रद्धालुहरू लामबद्ध भएका थिए । महाअष्टमीका दिन राजदेवी माताको दर्शन गर्ने र भाकलअनुसार प्रसाद चढाउने धार्मिक परम्पराका कारण मन्दिर परिसरमा बिहानैदेखि चहलपहल बढेको हो।

मिथिलामा दुर्गा माताको खोइँछ भर्ने परम्परा प्राचीन समयदेखि चलिआएको छ । विवाहिता छोरीलाई माइतीबाट बिदाइ गर्दा नयाँ कपडामा पान, सुपारी, पैसा, धान वा चामल, सिन्दूर, बेसार, फूल र फल राखेर खोइँछ दिने चलन छ। यही परम्परालाई निरन्तरता दिँदै महिलाहरूले दुर्गा माताको खोइँछ भर्ने गरेका छन् । यसरी खोइँछ भर्दा घरपरिवारमा सुख, शान्ति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ।

तिथिको हेरफेरका कारण यस वर्ष खोइँछ भर्ने समय केही फरक परेको छ। सप्तमीको साँझदेखि नै केही महिलाले खोइँछ भर्न थालेका थिए भने अष्टमीका दिन राजदेवी मन्दिरमा परम्परागत विधि पूरा गर्ने महिलाको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ।

जनकपुरधाम-९ निवासी लक्ष्मी कर्णले खोइँछ भर्ने दिन महिलाका लागि विशेष महत्त्वको हुने बताइन्।

बाँकी पृष्ठ ४ ▸▸

## अस्तित्व बचाउने अन्तिम दाउ कि धोकाको ............

अर्को, वाम पार्टी नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको हविगत पनि उस्तै छ। विगत चार दशकदेखि पार्टीको नेतृत्वमा अभिछिन्न रुपमा रहेका प्रचण्ड पार्टी कमजोर बन्दै जाँदा आफू भने बलशाली भएको भ्रममा छन्। एकपछि अर्को सहकर्मीले छोड्दै गएपछि कुनै समय सर्वाधिक शक्तिशाली पार्टी अहिले चौथो दलमा सीमित भएको छ। तैपनि उनी अझै नेतृत्व छाड्न तयार छैनन्।

अनेकौं बखेडा गरेरै नेतृत्वमा टिकिरहने ध्याउन्नमा प्रचण्ड लागेका छन्। मुलुकको वाम आन्दोलन बलियो बनाउने भन्दा पनि आफू निर्विकल्प नेतृत्वमा टाँसिरहने आत्मकेन्द्रित व्यक्तिवादी सोच र चिन्तनको मनोरोगले आजपर्यन्त प्रचण्ड ग्रस्त छन्।

यिनै दुई ठूला वाम पार्टीका नेतृत्वकै कारण मुलुकको वाम आन्दोलनमा नयाँ पुस्ताको आकर्षण नहुने निश्चित जस्तै भएको छ भने दुबै पार्टीका नेता कार्यकर्तामा समेत असन्तुष्टि बढ्दै गएको छ । यसले मुलुककै सिंगो वाम आन्दोलनले थप विषम परिस्थिति व्यहोर्नुपर्ने अवस्था सिर्जना हुँदै गइरहेको छ । विगतमा यिनै नेताद्वयको एकअर्का लक्षित गम्भीर आरोप प्रत्यारोप र धोकाधडीकै उपज मुलुक र वाम आन्दोलनले आजको दुरावस्था भोग्नुपरेको हो । त्यसको गम्भीर समीक्षा नगरी फेरि विशुद्ध आफ्नो संकट टार्न गरिने एकताले नेतृत्वमाथिको क्षणिक संकट निवारण त होला तर त्यसले समग्र वाम आन्दोलनलाई भने दीर्घकालीन हित भन्दा पनि झनै प्रत्युत्पादक हुनेवाला छ।

विगतको एकता असफल हुनुको कारण पहिचान गर्दै त्यसको गम्भीर समीक्षा नगरी अब गरिने एकता केबल दुई नेतामाथि निम्तिएको संकट टार्ने कुचेष्टा मात्रै हो। अझै प्रचण्ड नेतृत्वको नेकपामा समाहित भएका पूर्व एमाले नेता माधव नेपाललाई एमालेसँगको एकता र विभाजनको औचित्य पुष्टि गर्न निकै कठिन पर्नेवाला छ। विगतमा ओलीको संसद विघटन विरुद्ध विद्रोह गरेका नेपाललाई ओलीको आत्मालोचना बेगर एउटै पार्टीमा समाहित भए त्यसले विगतको विभाजनलाई औचित्यहीन र निरर्थक सावित गर्ने छ।

ओलीले विगतको संसद विघटन र पछिल्लो जेनजी आन्दोलन माथिको दमनको अझै नैतिक जिम्मेवारी लिएका छैनन् । अहिलेसम्म पनि ओलीमा त्यसप्रति कुनै प्रायश्चित समेत नगरी पुरानै दम्भ र अहंकार कायमै रहेको छ।

अर्का नेकपाका संयोजक प्रचण्डले पनि आफ्नै नेतृत्वकालमा पार्टी दिनानुदिन कमजोर बन्दै गए पनि त्यसको आत्मसीक्षा गर्ने आवश्यकता अझै बोध गरेका छैनन्। बरु उल्टै अनेकौं आवरणमा आफ्नो नेतृत्व सुरक्षित गर्न उद्यत देखिन्छन् । एमालेसँगको एकताको अस्त्र पनि त्यसकै उपज हो । ओली प्रचण्ड दुबै नेपाली राजनीतिका पटक पटक परिक्षित र अस्वीकृत पात्र भएकाले यी दुबैको नेतृत्वमा अब वाम आन्दोलन कदापि अघि बढ्न सक्दैन । ओली-प्रचण्डको आजीवन नेतृत्वमोहको भारी बोकेर सिंगो वाम आन्दोलनले थप क्षति व्यहोर्नबाट जोगाउन दुबै पार्टीका सचेत नेता कार्यकर्ताले उचित कदम चाल्न जरुरी छ। अन्यथा, ओली प्रचण्डको एकता अन्तिम भोजमा परिणत भएर मुलुकको सिंगो वाम आन्दोलनले नै झनै दुर्दशापूर्ण अवस्था व्यहोर्नुपर्ने दिन नआउला भन्न सकिँदैन।

## मिथिलाको विशेष पकवान .............

स्वादिष्ट हुन्छ। दाल नराखी पनि यही विधिबाट पुरी बनाउन सकिन्छ।

**मिथिला र पुरी**

विशेषगरी विवाह र व्रतबन्ध जस्ता संस्कारमा अत्यन्त नजिकका आफन्त अर्थात् कुटुम्बको घरबाट मुख्य सनेशका रूपमा पुरी र खिर पठाउने चलन छ । यसरी पठाइएको पुरी सम्बन्धित घरपरिवारले मात्र खाँदैनन्, छिमेकीका घरमा समेत बाँड्ने गरिन्छ । छरछिमेकका घरमा पुरी बाँड्ने यस परम्परालाई 'बेन' भनिन्छ।

पुरी बाँड्ने परम्पराले छरछिमेकबीचको सम्बन्धलाई अझ मजबुत बनाउने विश्वास गरिन्छ । छिमेकीको घरमा आएको पुरीको भार अर्थात् कोसेली र त्यसको आकार र स्वादका बारेमा समेत मधेशका गाँउसमाजमा खुबै चर्चा हुने गर्छ। यसले खानपानलाई पारिवारिक तथा सामाजिक सम्बन्धसँग जोड्ने मिथिलाञ्चलको मौलिक संस्कृतिलाई पनि झल्काउँछ।

विशेषगरी माइती पक्षले छोरीलाई बिदाइ गरेर ससुराली पठाउने बेला खिर र पुरी दिने चलन छ। पुरीलाई पूर्णताको प्रतीक मानेर बिदाइका बेला छोरीलाई दिने गरिएको चलन रहेको सञ्चारकर्मी प्रतिभा झा बताउँछिन्। उनी भन्छिन्, 'पुरीलाई पूर्णताको प्रतीक मानेर छोरीलाई बिदाइको बेला सनेशको रूपमा दिने गरिएको छ । यसले ससुराली घरमा छोरी सबैथोकले भरपुर होस् भन्ने माइतीको चाहना हो। सबथोक 'भरल पुरल' होस् भन्ने हो।'

विवाहअघि बेहुला वा बेहुलीको घरमा हुने मटकोरमा पनि पुरी अनिवार्य परिकार हो। त्यसरी तयार गरिएको पुरी घरमा पाहुनालाई बाँडिन्छ। मटकोर समापनपछि पुरी बाड्ने चलन छ।

मिथिलाञ्चलमा घरका कुलदेवताको पूजाआजा तथा पर्वका अवसरमा पनि पुरी चढाउने परम्परा छ। कुलदेवताको पूजा 'घडी पवनी' र चौठचन्द्र पर्वमा पुरी अनिवार्य चढाइन्छ। त्यसरी तयार पारिएको पुरी घरपरिवारसँगै प्रसादको रूपमा ग्रहण गर्नुका साथै छरछिमेकमा पनि वितरण गर्ने चलन छ।

मैथिली साहित्यकार तथा संस्कृतिविद् प्राध्यापक प्रमेश्वर कापरीका भनाइमा पुरी पूर्णतासँगै शीतलताको प्रतीक पनि हो।

'पुरी चौठचन्द्रमा चन्द्रमालाई चढाइन्छ। त्यसकारण शीतलताको प्रतीक पनि मानिन्छ,' उनी भन्छन्, 'पुरीमा 'फुइट' को रूपमा दाल राखिन्छ । र, त्यसलाई पुरेर बनाइन्छ । त्यसकारण र अर्को पुर अर्थात् भरपुर । पुरी खाएपछि अघाइन्छ। मन भरिन्छ। त्यसकारण पनि यसलाई पुरी भन्ने गरिन्छ।'

पुरीभित्र दाल राखिएको कारण पुरी यत्तिकै अथवा तरकारी, अचार, खिर, दही जस्ता खानेकुरासँग खाने गरिन्छ। रैथाने परिकार पुरीको उपयोग कोसेली अथवा घरको पूजाअर्चनामा मात्र सीमित छैन। व्यावसायिक रूपमा पनि पुरीको प्रयोग बढ्दो छ । होटेल तथा खाजा पसलमा प्राय: दाल बिनाको पुरी बनाइएको हुन्छ। मिथिला क्षेत्रमा यसलाई छानेको सोहारी पनि भनिन्छ। तर दाल राखेर तयार पारिएको पुरीलाई सोहारी भनिँदैन।

जनकपुरधाम रामचोकका केही खाजा पसलमा यस्तो पुरीको व्यवसाय फस्टाएको छ। त्यहाँको पुरी पसलहरूमा बिहानै पारखीहरू आउँछन्। र, तात्तातो पुरी तरकारीसँग खाने गर्छन्।

साहित्यकार तथा संस्कृतिविद् प्राध्यापक कापरी भन्छन्, 'पुरी मिथिलाञ्चलको स्वादसँग मात्र नभई यहाँको धार्मिक आस्था, पारिवारिक सम्बन्ध, सामाजिक सद्भाव र सांस्कृतिक पहिचानसँग जोडिएको परिकार हो।'









## खोइँछ भर्न जनकपुरको राजदेवी मन्दिरमा महिलाको .............

उनले बिहानै उठेर स्नान गरी मन्दिर पुगेको र भीडका कारण खोइँछ भर्ने स्थानसम्म पुग्न केही समय लाममा बस्नुपरेको अनुभव सुनाइन्।

"बिहान ३ बजे नै उठेर नुहाइधुवाइ गरी मन्दिर पुग्दा करिब ४ बजेको थियो। भीडका कारण खोइँछ भर्ने स्थानसम्म पुग्न १५-२० मिनेट लाममा बस्नुपऱ्यो। तर खोइँछ भर्न पाएँ, यसमै खुसी छु। माताको आशीर्वाद यसरी नै बनिरहोस्," उनले भनिन्।

जनकपुरधामको राजदेवी मन्दिरमा मात्र नभई धनुषाको रमदैयास्थित राजदेवी मन्दिर, महेन्द्रनगरको दुर्गा मन्दिर तथा महोत्तरीको सोनामाई मन्दिरलगायत शक्तिपीठमा पनि भक्तजनको भीड लागेको छ।

राजदेवी मन्दिरमा महिला तथा पुरुष श्रद्धालु आ-आफ्नै धार्मिक विधिअनुसार पूजाआजा गर्न पुग्दा दर्शनार्थीको चाप अत्यधिक बढेको छ। विशेषगरी भाकल पूरा भएपछि प्रसाद चढाउन आउने पुरुष श्रद्धालुको सङ्ख्या पनि ठूलो छ। पुरुष भक्तजनको लाइन व्यवस्थित गर्न आयोजक महावीर युवा कमिटीले विशेष प्रबन्ध मिलाएको छ।

पुरुष श्रद्धालुहरू बिहान २ बजेदेखि नै लामबद्ध भएका थिए। मन्दिर परिसरबाट करिब तीनदेखि चार सय मिटर टाढासम्म लाइन पुगेको थियो। स्थानीय रोशन साहले बिहान २ बजे मन्दिर पुगे पनि चार-पाँच घण्टा लाइनमा बसेपछि मात्रै दर्शन गर्न पाएको बताए।

"पोहोर र परार सालको तुलनामा यसपटक भीडभाड व्यवस्थित देखिएको छ," उनले भने। दर्शनपछि घर फर्किंदा बिहान करिब ७ बजेको उनले जानकारी दिए।

यसैबीच, राजदेवी मन्दिरमा शनिबार रातिदेखि पशुबलि दिने तयारी गरिएको छ। बलि चढाउन नेपालका विभिन्न स्थानका साथै भारतको सीमावर्ती क्षेत्रबाट समेत श्रद्धालुहरू बोका लिएर जनकपुरधाम आउने गरेका छन्। प्रत्येक वर्ष मन्दिरमा हजारौँको सङ्ख्यामा बोका बलि दिने परम्परा रहिआएको छ।

खोइँछ भर्ने, प्रसाद चढाउने, दर्शन गर्ने र पशुबलि दिने धार्मिक परम्पराले दसैँको महाअष्टमीका अवसरमा जनकपुरधामको धार्मिक वातावरणलाई विशेष उल्लासमय बनाएको छ। श्रद्धालुको बढ्दो चापसँगै मन्दिर तथा आसपासका क्षेत्रमा सुरक्षा, व्यवस्थापन र आवागमनलाई सहज बनाउनु पनि उत्तिकै महत्त्वपूर्ण बनेको छ।

## सुधार भयो लहान प्रादेशिक अस्पतालको इमर्जेन्सी .............

छ।

त्यस्तै, लहान नगरपालिकाका मङ्गेन यादवले पनि पहिले कक्षमा पानी चुहिने र सेवा प्रवाहमा ढिलाइ हुने समस्या रहेको बताए। अहिले भने सेवा र व्यवस्थापन दुवै पक्षमा सुधार देखिएको उनले बताए।

इमर्जेन्सी कक्षका इन्चार्ज दीपेन्द्रप्रसाद सिंहका अनुसार पहिले कक्ष साँघुरो हुनुका साथै सिलिङ नहुँदा अत्यधिक गर्मी हुने गरेको थियो। जस्तापाताबाट पानी चुहिने समस्याले वर्षात्का बेला बिरामीको उपचारमा समेत कठिनाइ हुने गरेको उनले बताए।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. वर्षा प्रकाशका अनुसार इमर्जेन्सी सेवा लामो समयदेखि सञ्चालनमा रहे पनि कक्ष अव्यवस्थित हुँदा बिरामीको चाप बढेका बेला सेवा व्यवस्थापन गर्न कठिनाइ हुने गरेको थियो। त्यसलाई ध्यानमा राखेर पुरानै कक्षलाई सुधार गरी व्यवस्थित रूपमा सञ्चालनमा ल्याइएको उनले बताए।

सुधारका क्रममा जस्तापाता फेर्ने, विद्युतीय व्यवस्थापन मिलाउने, रङ्गरोगन गर्ने, स्क्रिनिङ राख्ने र आवश्यक फर्निचरको व्यवस्था गरिएको डा. प्रकाशले जानकारी दिए। यसबाट बिरामीलाई उपचार सेवा लिन र स्वास्थ्यकर्मीलाई सेवा प्रवाह गर्न सहज हुने उनले विश्वास व्यक्त गरे।

विगतमा विभिन्न कारणले चर्चामा रहँदै आएको लहान प्रादेशिक अस्पतालमा पछिल्लो समय भौतिक पूर्वाधार र सेवा व्यवस्थापन सुधारका प्रयास भइरहेका छन्। इमर्जेन्सी कक्षमा गरिएको सुधारले बिरामीलाई सहज र व्यवस्थित वातावरणमा स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अपन दैनिक
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म




## टाइगर श्रफको गाडीमा गोली प्रहार, चालकसहित दुई जना घाइते

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०१ गते**

बलिउड अभिनेता टाइगर श्रफमाथि भारतको मुम्बईस्थित जुहू क्षेत्रमा गोली प्रहार भएको छ।

आइतबार साँझ भएको घटनामा उनी सुरक्षित रहे पनि उनका गाडी चालकसहित दुई जना घाइते भएका छन्।

भारतीय सञ्चारमाध्यम अनुसार दुईपाङ्ग्रे सवारीसाधनमा आएका तीन जना अपरिचित व्यक्तिले श्रफ सवार गाडीलाई लक्षित गरी गोली चलाएका थिए।



जुहूस्थित पुष्पा पार्कनजिक फुटबल खेलेर घर फर्किने क्रममा श्रफको गाडीमाथि गोली प्रहार भएको हो। गोली प्रहारबाट श्रफलाई भने चोट लागेको छैन।

उनका गाडी चालक र एक रिक्साचालक घाइते भएका छन्। उनीहरूलाई उपचारका लागि अस्पताल लगिएको छ। घटनापछि मुम्बई प्रहरी घटनास्थलमा पुगेर अनुसन्धानमा जुटेको छ।

प्रहरीको अपराध अनुसन्धान शाखाले घटनास्थल आसपासका निगरानी क्यामेराका दृश्य जाँच गरी आक्रमणमा संलग्न व्यक्तिहरूको खोजी गरिरहेको छ।

## स्कारपियोको ठक्करबाट किशोरको मृत्यु

**अपन दैनिक संवाददाता**
**बारा, कार्तिक ०१ गते**

बाराको महागढीमाई नगरपालिका-१ स्थित हुलाकी राजमार्गमा भारतीय नम्बर प्लेटको स्कारपियोले मोटरसाइकललाई ठक्कर दिँदा १७ वर्षीय किशोरको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

आइतबार बिहान करिब ११:३० बजे प्लाई फ्याक्ट्री चोकमा बरियारपुरबाट कलैयातर्फ जाँदै गरेको भारतीय नम्बर प्लेटको बीआर १९ जी ९९२१ नम्बरको स्कारपियोले विपरीत दिशाबाट आउँदै गरेको बागमती प्रदेश ०३-००५ प ८८५५ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो।

दुर्घटनामा मोटरसाइकल चालक कलैया उपमहानगरपालिका-२१ का धिरज यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। टाउको तथा शरीरका विभिन्न भागमा चोट लागेर गम्भीर घाइते भएका यादवको परवानीपुरस्थित एलएस न्युरो अस्पतालमा उपचारका क्रममा बिहान ११:५५ बजे मृत्यु भएको हो।

दुर्घटनामा मोटरसाइकलमा सवार सोही स्थानका १६ वर्षीय नगेश साह र १८ वर्षीय अरुण यादव घाइते भएका छन्। साहको दाहिने हात, अनुहार र बायाँ खुट्टामा चोट लागेको छ भने यादवको दाहिने हात र खुट्टामा चोट लागेको प्रहरीले जनाएको छ। दुवै जनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

दुर्घटनापछि प्रहरीले स्कारपियो र त्यसका चालक रौतहटको परोहा नगरपालिका-३ निवासी ३८ वर्षीय अरुण कुमार दुबेलाई नियन्त्रणमा लिएको छ। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय बारामा पठाइएको प्रहरीले जनाएको छ।

घटनास्थलको मुचुल्का तयार गर्न जिल्ला प्रहरी कार्यालय बाराबाट इन्स्पेक्टर विमल खतिवडाको कमान्डमा टोली खटिएको छ। मोटरसाइकल भने प्रहरी चौकी बरियारपुरको नियन्त्रणमा रहेको छ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।




